☎०४६ ५४०३१०

# बरहथवा नगरपालिका कार्यालय

## बरहथवा, सर्लाही

पत्र संख्या :- ०७२/७३
च.नं :- २८४६

मिति : ०७३/३/८

विषय :-बजार तथा आन्तरिक आय ठेक्का सम्बन्धी सूचना । (दोश्रो पटक)

उपरोक्त विषयमा यस कार्यालयको मिति २०७३।३/८ गतेको निर्णय अनुसार आर्थीक वर्ष ०७३/०७४ को लागी तपसिलमा उल्लेखित वरहथवा बजारको शिलबन्दि बोलपत्र(टेण्डर) द्धारा ठेक्का लगाउनु पर्ने भएकोले इच्छुक इजाजत प्राप्त फर्म वा व्यक्तिहरुबाट तपसिलमा उल्लेखित कुराहरु खुलाई यो सुचना प्रकाशीत भएको मितिले १५ दिन भित्र यस कार्यालयबाट फिर्ता नहुने गरी तपसिल मा उल्लेखित दस्तुर तिरी वोल पत्र खरीद गरी सिलबन्दी गरी यस कार्यालयमा पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागी यो सुचना प्रकाशीत गरीएको छ ।

शर्तहरु

१. वोल पत्र साथ ठेक्का लिने फर्म, संस्था ले फर्म इजाजत प्रमाण पत्रको प्रतिलिपि , पा नं./भ्याट नं. प्रतिलिपि, आ.व.०७१/०७२ को कर चुक्ता प्रमाण पत्रकों प्रतिलिपि संलग्न राखी पेश गर्नु पर्नेछ । व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि पेस गर्नु पर्ने छ ।

२.वोल पत्र यो सुचना प्रकाशीत भएको मितिले १५ औं दिन दिनको १२:०० बजेसम्म यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ र सोही दिन दिनको २:०० बजे उक्त सिलबन्दीहरु यस कार्यलयमा विभिन्न कार्यालयका प्रतिनिधि र ठेकदारको रोहवरमा खोलीने छ । तर ठेकेदार प्रतिनिधि नआए पनि सिलबन्दी खोल्न बाधा पर्ने छैन ।

३.वोल पत्र साथ कबोल रकमको नेपाली नागरिकको हकमा ५% र विदेशी नागरिकको हकमा १०% ले हुन आउने धरौटी रकम ने.वै.लि. मलंगवा स्थित च.हि.नं. (०२९०३०००००००००५३९३३) धरौटी खातामा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्ने छ ।

४. वोल पत्र सिलबन्दी नगरि वा म्याद भित्र प्राप्त हुन नआएका शिलबन्दी उपर कुनै कार्यवाही हुने छैन ।

५.एक फर्म वा व्यक्तिबाट खरिद भएको बोलपत्र अर्को व्यक्ती वा फर्मले प्रयोग गर्न सक्ने छैन ।

६. वोल पत्रमा दर रेट अंक र अक्षरमा प्रस्ट खुलाई पेश गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ

७.वोल पत्र खरिद गर्ने दाखिला गर्ने र खोलिने अन्तिम मितिमा सार्वजनिक विदा परेमा सो को भोलीपल्ट गरिने छ ।

८. ठेक्का स्वीकृत गर्ने नगर्ने सम्पुर्ण अधिकार यस कार्यलयमा निहित रहने छ ।

९. यस सम्बन्धी अन्य कुराहरु स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ र प्रचलित ऐन नियम बमोजीम हुने छ । यस सम्बन्धी थप कुरा बुझ्नु परेमा यस कार्यालयको कार्यालय समय भित्र सम्पर्क राख्न सकिने छ ।

१०. ठेक्का अवधि स्वीकृत भएको मितिले १ वर्ष को लागी हुने छ ।

११. सरकारी, पेश्की, वेरुजु बाँकी रहेको व्यक्ती , फर्म लाई ठेक्का दिइने छैन ।